बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

कोभिड संक्रमणबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम कायमै छ ।
- यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा नजाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०२४ ॥ २०७८ फागुन ११ गते बुधबार (23rd Feb 2022 Wednesday) Pratidin National Daily dNo-?÷%÷-

## सप्तकोशी बैंक घोटालामा १२ जनाविरुद्ध मुद्दा


नविन सुवेदी देविप्रसाद भण्डारी अमित थापा मगर हिमाल भट्टराई

*विराटनगर (प्रस)* । सप्तकोशी डेभलपमेन्ट बैंकको १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रुपैयाँ अपचलन गरेको आरोपमा बैंकका तत्कालिन सिइओ नविन सुवेदीसहित १२ जनालाई प्रतिवादी बनाएर उच्च अदालत विराटनगरमा मुद्दा दर्ता भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय मोरङले मंगलबार 'बैकिङ कसुर' मुद्दामा सुवेदीसहित ९ जना कर्मचारी र तीनजना खातावालालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको जिल्ला सरकारी वकिलको कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता रामहरि शर्मा काफ्ले जानकारी दिए । बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अनुसार हिमाल भट्टराईसहित १२ जनाविरुद्ध उच्च अदालतको वाणिज्य इजलासमा मुद्दा दर्ता भएको हो ।

सप्तकोशी बैंकको अपचलन भएको १५ करोड ७५ लाख र ५ सय ७५

❖ बाँकी अन्तिम पृष्ठमा

## परपुरुषसँग मिलेर पत्नीले गरिन् दमकका सिग्देलको हत्या

*झापा (प्रस)* । धरानस्थित जंगलमा अलग-अलग जेब्रा झोलाभित्र शवको टुक्रा फेला परेका दमक नगरपालिका-५ ठेगाना भएका ४३ वर्षीय दिनेश सिग्देलको हत्या आफ्नै कान्छी श्रीमतीले परपुरुषसँग मिलेर गरेको खुलेको छ।

दमक नगरपालिका-५ ठेगाना भएका ४३ वर्षीय दिनेश सिग्देलको हत्या उनकी कान्छी श्रीमती ३० वर्षीया अनिता केसीको योजनामा भएको पत्ता लागेको हो। सुनसरी प्रहरी प्रमुख एसपी सञ्जयसिंह थापाका अनुसार हत्यामा संलग्न अनिता र उनका प्रेमी विराटनगर महानगरपालिका-४ इक्राहीका २९ वर्षीय सरोज भण्डारीलाई पक्राउ गरिसकिएको छ । पक्राउ परेकाविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउन अदालतबाट मंगलबार म्याद थप गरेर घटनाको बाँकी अनुसन्धान अघि बढाइएको थापाले जानकारी दिए।



विभत्स तरिकाले हत्या गरेपछि शरीरलाई टुक्राटुक्रा बनाउँदै जेब्रा झोलाभित्र प्याक गरेर सुनसरीको धरान उपमहानगरपालिका-४ स्थित धरान-भेडेटार सडकखण्डको जंगलमा फ्यालिएको अवस्थामा एक साताअघि दिनेशको शव भेटिएको थियो। घाँटीभन्दा माथि टाउकाको भाग र तिघ्रामुनिको दाहिने खुट्टा प्याक गरेर फ्यालिएको एउटा झोला गत बुधबार भेटिएको हो। भोलिपल्ट अर्थात बिहीबार करीब १ किलोमिटरमाथि जीउसहितका अन्य अंगहरु प्याक गरिएको अर्को झोला पनि भेटियो।

घटनास्थल धरान बजारबाट लगभग ७-८ किलोमिटर उत्तरमा पर्छ । कुहिएर दुर्गन्ध फैलिएको अवस्थामा भेटिएको शवको पहिचान तत्काल खुलेन। सोमबार साँझ पहिचान खुलेपछि प्रहरी हत्यारासम्म पुग्न सफल भएको हो। घटनालाई निष्कर्षमा पुऱ्याउनका लागि इलाका प्रहरी कार्यालय धरान, जिल्ला प्रहरी कार्यालय सुनसरी, संघीय इकाई प्रहरी कार्यालय धरान र प्रदेश १ प्रहरी कार्यालय विराटनगरबाट संयुक्त टोली परिचालन गरिएको थियो।

एसपी थापाका अनुसार दिनेश अघिल्लो वर्ष पुषमा वैदेशिक रोजगारीका लागि बहराईन गएको खुलेको छ। स्वास्थ्यमा समस्या भएर कम्पनीले विदा दिएपछि उनी गत पुष २० गते नेपाल फर्किएको उनले बताए। काठमाडौं आएको भोलिपल्ट विराटनगर आएपछि कान्छी श्रीमतीसँग उनको भेट भयो। त्यो रात दुवै जना विराटनगरकै फेमिली होटल एन्ड लजमा बसे।

प्रहरीका अनुसार डेरा खोजेर कान्छी श्रीमतीलाई विराटनगर-३ पिपल चोकमा राखेर उनी बहराईन गएका थिए। होटलबाट पुष २२ गते बिहान दिनेश कान्छी श्रीमतीको कोठामा आए। त्यही दिन साँझतिर कोठामै गलबन्दीले घाँटी कसेर अनिता र सरोजले दिनेशको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

एसपी थापाका अनुसार विदेशबाट आएर भेट भएको भोलिपल्टै अनिताले आफ्ना प्रेमीसँग मिलेर पति दिनेशको हत्या गरेको पत्ता लागेको छ। 'हत्या गरेपछि रातभर शव कोठामै राखेछन्,' उनले भने, 'भोलिपल्ट अर्थात पुष २३ गते हत्या गरिएकै कोठामा टुक्राटुक्रा बनाएपछि टाउको र खुट्टाको भाग जेब्रा झोलामा प्याक गर्दै टेम्पोमा राखी धरानको जंगलमा पुऱ्याएर फ्यालेछन्। कोठामै छाडिएको शरीरको अरु भाग भोलिपल्ट व्यवस्थापन गरेको पाइयो।'

थापाका अनुसार टाउको र हातको भाग धरानको जंगलमा व्यवस्थापन गरेपछि अनिता र सरोज धनकुटाको भेडेटार गएर एक रात बसेको खुलेको छ। उनीहरु भेडेटारबाट भोलिपल्ट अर्थात पुष २४ गते विराटनगर फर्किएको जानकारी थापाले दिए। उनका अनुसार भेडेटारबाट फर्किएपछि उनीहरुले कोठामै छाडेको शरीरको अरु भाग लगेर त्यही जंगलमा व्यवस्थापन गरेका हुन्।

शव लैजान प्रयोग गरिएको टेम्पोको नम्बर भने खुलेको छैन। हत्या गरेपछि खुकुरी र आल्मुनियम एवं रड काट्न प्रयोग गरिने ग्रेन्डर मेसिन किनेर काट्दै शवलाई टुक्रा पारिएको पाइएको एसपी थापाले बताए।

'पति विदेशमा भएका बेला सरोजसँग अनिताको प्रेम बसेछ। फर्किएर आएपछि प्रेममा बाधक बन्ने देखेर योजनाबद्ध तरिकाले दुवै जनाले हत्या गरेको पाइयो,' एसपी थापा भन्छन्, 'शव एक रात कोठामै राखिएको रहेछ। भोलिपल्ट काटेर टुक्राटुक्रा बनाउँदै जंगलमा लगेर

❖ बाँकी अन्तिम पृष्ठमा

## एक्सेल बैंकको नयाँ मुद्दती योजना सार्वजनिक




नजिकको शाखा कार्यालयमा सम्पर्क राख्नुहोस वा 9802760666 मा Missed Call गर्नुहोस

*बिर्तामोड (प्रस)* । एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले नयाँ मुद्दती योजना एक्सेल सुपर मुद्दतीअन्तर्गत ट्रिपल धमाका र १ को ५ धमाका मुद्दती खाता सार्वजनिक गरेको छ ।

ट्रिपल धमाका मुद्दती योजनाअन्तर्गत ग्राहकले १० वर्षमा अहिले जम्मा गरेको रकमको ३ गुना रकम पाउनेछन् । आजको बचतले भविष्यमा पर्न सक्ने आवश्यकता पुरा गर्नका लागि मद्धत गर्न यस योजनाले सहयोग पुग्ने बैंकले बिश्वास लिएको छ ।

त्यस्तै १ को ५ धमाका मुद्दती योजनाअन्तर्गत ग्राहकले १५ वर्षमा अहिले जम्मा गरेको रकमको ५ गुना रकम पाउनेछन् । विशेष गरी साना बालबालिकाहरुलाई लक्षित गरी ल्याइएको यस योजनाले भविष्यमा शिक्षाको लागि आवश्यक पर्ने ठूलो रकम जोहो गर्न मद्धत पुग्ने बैंकले बिश्वास लिएको छ । दुवै योजनाको लागि न्यूनतम रकम २५ हजार रहेको छ । साथै बैंकका अन्य बचत तथा मुद्दतीका योजनाहरु जस्तै एक्सेल मुद्दती खातामा ११.६५ प्रतिशत, एक्सेल रेमिट मुद्दती खातामा १२.६५ प्रतिशत, बचत खातामा ८.०५ प्रतिशत र रेमिट बचत खातामा ९.०५ प्रतिशत वार्षिक व्याजदर प्राप्त हुने खाताहरु पनि संचालनमा रहेको बैंकले जानकारी दिएको छ ।

## नेपाल विश्वकपमा छनोट हुन सकेन

*झापा (प्रस)* । नेपालले यसै वर्ष अस्ट्रेलियामा हुने ट्वान्टी-२० विश्वकपमा पुग्ने मौका गुमाएको छ । नेपाल मंगलबार ट्वान्टी-२० विश्वकप छनोटको सेमिफाइनलमा यूएईविरूद्ध ६८ रनले पराजित भएसँगैं दोस्रो पटक ट्वान्टी-२० विश्वकपमा पुग्ने मौका सकिएको हो ।

१ सय ७६ रनको लक्ष्य लिएर आएको नेपाल १८.४ ओभरमा १ सय ७ रनमा अलआउट भयो । यूएईका कप्तान अहमद राजाले ५ विकेट लिँदै नेपालको सपना समाप्त पारे । उनले त्यसका लागि ४ ओभरमा १९ रनमात्र खर्चेका थिए ।

जुनैद सिद्धिकीले सुरुआतमै आसिफ शेख, लोकेश बम र कुशल भुर्तेललाई आउट गरेपछि राजाले विकेट



लिनेक्रममा निरन्तरता दिए । दीपेन्द्रसिंह ऐरीले नेपालबाट सर्वाधिक ३९ रन बनाए । ३८ बल नै खेलेका उनले ३ चौका प्रहार गरे । ज्ञानेन्द्र मल्लले २० र आरिफ शेखले ११ रन बनाउनु बाहेक अन्यले दोहोरो स्कोर बनाउन सकेनन् । यो खेल जित्ने टोली विश्वकपमा पुग्थ्यो र त्यसमा यूएईले बाजी मारेको हो । यूएई २०१४ पछि पहिलो पटक ट्वान्टी-२० विश्वकपमा पुगेको हो । नेपालले पनि २०१४ यता विश्वकप खेलेको छैन ।

यसअघि यूएईले ओमानको मस्कटमा टस जितेर ब्याटिङ रोज्दै ७ विकेट गुमाई १ सय ७६ रन बनाएको थियो । युएईबाट मोहम्मद वासिमले सर्वाधिक ७० रन बनाए । उनले ४८ बल खेली समान ४ चौका र छक्का प्रहार गरे । भृत्या आनन्दले २३ बलमा ५ चौका र ३ छक्का प्रहार गरी ४६ रन बनाए । विश्वकपमा पुग्न जित्नैपर्ने खेलमा नेपालबाट जितेन्द्र मुखिया र अविनाश बोहराले ३-३ विकेट लिए । जितेन्द्रले ३ ओभरमा ३५ र अविनाशले ४ ओभरमा ४६ रन खर्चे ।

जितेन्द्रले चिराग सुरीलाई ४ रनमा बोल्ड गरी नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । तर अरविन्द र वासिमले आक्रामक खेल्दै यूएईलाई राम्रो स्कोरमा उभ्याए । यी दुई सबै नेपाली बलरमाथि हाबी भएका थिए । कप्तान सन्दीप लामिछानेले कसि कसाउ बलिङ गरि नेपाललाई खेलमा फर्काए । सन्दीपले ४ ओभरमा २४ रन खर्चे ।

## टुंगो लागेन प्रदेश १ को नामकरण

*विराटनगर (प्रस)* । प्रदेश १ मा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूको सर्वदलीय बैठकले प्रदेशको नाम टुंगो लगाउन सकेन । मंगलबार मुख्यमन्त्री कार्यालयमा बसेको बैठकमा दलका नेताहरुले आ-आफ्नै अडान दोहोऱ्याएपछि नामकरणको विषय टुंगो लाग्न नसकेको हो । यद्यपि सर्वदलीय बैठकमा नेताहरु तत्काल नामकरण गर्नुपर्नेमा सहमत भएका छन् । सत्ता वा विपक्ष कुनै पनि दलका नेताहरुले प्रदेश नामकरणबारे ठोस प्रस्ताव अघि सारेनन् । नयाँ सरकार बनेपछि प्रदेशमा पहिलोपटक सबै दल एकै ठाउँ भेला भएर प्रदेश नामकरणबारे एकअर्काको विचार चाहिँ सुने । विपक्षी दल राप्रपा बैठकमा अनुपस्थित रह्यो ।



देशका ६ वटै प्रदेशले नामकरण प्रक्रिया टुंगो लगाइसक्दा प्रदेश १ मा पहिलो प्रयास गरिएको हो । तर, यो बैठकभन्दा बढी भेलामा परिणत भयो, जहाँ दलका नेताहरुले पालैपालो मंचमा गएर भाषण गरे ।

प्रदेश १ को सत्ता गठबन्धनकै एक घटक संघीय लोकतान्त्रिक राष्ट्रिय मंचका अध्यक्ष कुमार लिङ्देनले लिम्बूवानको पहिचानका आधारमा प्रदेशको नामकरण हुने आशा व्यक्त गरे । 'संघीयता भनेकै पहिचानमा आधारित हुन्छ,' लिङ्देनले भने 'त्यसैले हामी त अहिले पनि दश प्लस एक प्रदेशको पक्षमा छौं । प्रदेश १ मा पहिचानको पक्षमा सबै दलहरु उभिनेमा बिश्वस्त छौं ।'

जनता समाजवादी दलका प्रदेश उपाध्यक्ष राजकुमार यादवले 'किरात लिम्बुवान मधेश शेपालुङ' प्रदेश राख्न माग गरे । माओवादी केन्द्र प्रदेशका अध्यक्ष हर्क नेम्बाङले पहिचानका आधारमा नामकरण गर्नुपर्ने र सहमतिकै आधारमा गर्नुपर्ने बताए । नेपाली काँग्रेसका प्रदेश सभापति उद्धव थापा, एकीकृत समाजवादीका केन्द्रीय उपाध्यक्ष घनेन्द्र बस्नेत र प्रदेश अध्यक्ष बलदेव चौधरी, एमालेका प्रदेश उपाध्यक्ष तुलसी न्यौपानेलगायतका वक्ताहरुले सहमतिका आधारमा नामकरण गर्नुपर्ने बताए । पहिचानको विपक्षमा आफूहरु कोही नभएको उनीहरुको समान भनाइ थियो । सरकारले भने १५ गते बोलाइएको प्रदेशसभा बैठकमा नामांकनको विषय टुंगो लगाउने गरी तयारी थालेको छ । सोही तयारीबमोजिम मुख्यमन्त्री राजेन्द्रकुमार राईले सर्वदलीय बैठक बोलाएका हुन् ।

बैठकको सुरुमै सम्बोधन गरेका राईले अझै पनि नामको विषय टुंगो नलाग्नु लाजमर्दो भएको बताए । १ नम्बर प्रदेश भएर पनि अझै काममा ढिलाइ गर्दा जनताको बिश्वास गुम्ने खतरा रहेको उनले संकेत गरे । प्रदेशसभाको दुईवटा मात्र अधिवेशन बाँकी रहेकाले मौका नगुमाउन उनले सबैलाई आग्रह गरे ।

मिश्रित पहिचानको आधारमा नामांकन टुंगो लगाउन संकेत गर्दै उनले 'मेरो गोरुको बाह्रै टक्का' नगरी लचकताका साथ आफ्नो दायित्व निर्वाह गर्न आग्रह गरेका थिए । किरात सभ्यताको पहिचान झल्किने गरी नाम राख्ने तयारीमा रहेका राईलाई सर्वदलीय सहमति जुटाउन सकस परेको छ ।

यसअघिका दुईवटा सरकारले नाम समेत राख्न नसकेको आरोप लगाउँदै आएका राई अहिले समस्यामा परेका छन् । नेकपा एमाले र नेपाली काँग्रेस कोशी प्रदेश नाम प्रस्ताव भए सहमत हुने तयारीमा छन् । मुख्यमन्त्री राई भने कोशीको अगाडी किरात थप्ने लाइनमा देखिन्छन् । ९३ सदस्यीय प्रदेश सभामा एमाले सांसद ४१ (सभामुखसहितं) जना छन् । नेपाली कांग्रेस २१, माओवादी केन्द्र १५ (१६ मध्ये १ पदमुक्त), एकीकृत समाजवादी १० , जसपा ३ र राप्रपा र संघीय लोकतान्त्रिक मंचका १-१ जना छन् । संविधानअनुसार प्रदेश नाम राख्न दुईतिहाई मत आवश्यक पर्छ । प्रदेशमा दुईतिहाई संख्या पुऱ्याउन ६२ जना आवश्यक पर्छ । सत्ता गठबन्धनमा ५१ जना मात्रै छन् । गठबन्धनलाई नामकरण प्रक्रिया टुंग्याउन थप ११ मत आवश्यक हुन्छ । यसर्थ एमाले नै निर्णायक हुने अवस्था छ ।

ठाकुर पोलिक्लिनिकमा
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१

# आयोगद्वारा स्थानीय निर्वाचनका लागि नौ अर्ब माग

*झापा (प्रस)* । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन सञ्चालन तथा व्यवस्थापनको लागि अर्थ मन्त्रालयसँग करिब ९ अर्ब रुपैयाँ माग गरेको छ।

आयोगले निर्वाचनका लागि ८ अर्ब ९५ करोड २९ लाख ४ हजार रुपैयाँ निकासा गर्न माग गर्दै अर्थ मन्त्रालयमा पत्राचार गरिसकेको जानकारी दिएको हो।




आयोगका प्रवक्ता शालिग्राम पौडेलले २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनभन्दा करिब ८१ करोड बढी खर्च हुने अनुमान आयोगले गरेको जानकारी दिए। पहिलो स्थानीय तहको निर्वाचनमा वस्तुगत सहायता समेत ८ अर्ब १४ करोड खर्च भएको आयोगले जनाएको छ।

आयोगले मूल्य वृद्धि, कर्मचारीको तलबमा भएको वृद्धि, २०७४ सालपछि थप भएका करिब ३८ लाख मतदाता संख्या, मतदाता र मतदान केन्द्रको वृद्धि भए अनुसार हुने मतपत्र र निर्वाचन सामग्रीको वृद्धि तथा कोभिड-१९ को व्यवस्थापनका कारण थप खर्च हुने जनाएको छ।

विगतमा निर्वाचनको काममा संलग्न कर्मचारीलाई खाइपाइ आएको तलबको १२१ प्रतिशत निर्वाचन सुविधा भएकोमा यस निर्वाचनमा सुरु तलब स्केलको सय प्रतिशत हुने गरी बजेटमा प्रस्ताव गरेको आयोगले जनाएको छ।

साथै स्थानीय तहको अघिल्लो निर्वाचनमा मतदाता शिक्षामा करिब ८० करोड ६० लाख रुपैयाँ खर्च भएकोमा यस पटक करिब २४ करोड १७ लाख रुपैयाँ मात्र बजेट प्रस्ताव गरेको पनि आयोगले जनाएको छ।

# हराएको सय वर्षमा काजकिरिया

• **सुरेश आले 'सर्जु',**
बिर्तामोड । बिर्तामोड ९ बद्रीबारी टोलमा हराएका ब्यक्तिको उमेर सय वर्ष पुगेपछि उनको काजकिरिया गरिएको छ ।



बद्रीबारी टोलमा भवानी शंकर पराजुलीको दशगात्र काजकिरिया गरिएको हो । १९९२ सालतिर १५-१६ वर्षको उमेरमा तेह्रथुम आठराई -७ खोक्लाजुङबाट भवानी शंकर पराजुली परदेश हिडेका थिए । तर, हालसम्म पनि फर्किएर नआएको र खोजी गर्दा कही पत्ता नलागेको भवानी शंकरका नाति युवराज पराजुलीले जानकारी दिए ।

हराएको ब्यक्ति सय वर्ष पार गरे कुशको शब बनाई सद्गत गर्ने हिन्दु परम्परा अनुसार सोमबार दिउँसो काका हजुर बुबाको कन्काई नदीमा सद्गत गरिएको उनले बताए । उनले भने, 'हाम्रा काका हजुरबुबाको आत्माको शान्ति , पितृ उद्धार र पितृ पार तराउनको लागि दशगात्र काजकिरिया गरिएको हो ।' तेह्र दिनसम्म हिन्दु परम्परा अनुसार सम्पूर्ण सांस्कारिक कर्म गरिने उनले बताए । हराएका भवानीशंकरका भतिजा मित्रलाल पराजुली काजक्रियामा बसेका छन् ।

## फुट्यो...

रहेन । नेतृत्वपंक्ति मधेस केन्द्रित नामबाटै तर्सिने काम गर्न थालेका छन् । स्वभावत : लोकतन्त्रवादी मधेसी जनतालाई वामपन्थीको खोल ओढाउन थालिएको छ,' विज्ञप्तिमा भनिएको छ ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै संविधानसभा सदस्य विजयकुमार सिंहले मधेसकेन्द्रित दलले आफूलाई राष्ट्रिय दल देखाउन आफ्नो नामबाट मधेस शब्द झिकेको बताए । उनले भने, ' क्षेत्रीयताबिना संघीयता सफल हुन सक्दैन । हाम्रो दल क्षेत्रीय दल हुने छ । क्षेत्रीयतामार्फत हामी राष्ट्रिय एकताको उद्घोष गर्छौं । क्षेत्रको विकासमार्फत राष्ट्रको विकास गर्छौं ।'

लाल र डा.सिंहको नेतृत्वमा पूर्व तमलोपा पार्टीआवद्ध झण्डै सय जना नेता कार्यकर्ताहरुले पार्टी परित्याग गरेको स्वघोषणा गरेका छन् । जसमा लोसपाका रामजी राय,धीरेन्द्रबहादुर सिंह,सतिस लाल दास,योगेन्द्र राय,उमेश मण्डल र मोहम्मद असगर अलिलगायतका प्रमुख छन् ।

लाल र सिंहले लोसपाभित्र आन्तरिक लोकतन्त्रको अभाव भएको आरोप लगाए । लोसपा अध्यक्ष महन्थ ठाकुरनिकट मानिएका लाल र सिंहले पछिल्लो पटक ठाकुरको कार्यशैलीको कडा विरोध गर्दै आएका थिए । दुई वर्षअघि सम्पन्न राष्ट्रिय सभा निर्वाचनमा दुईवर्षे कार्यकाल सम्पन्न गरेका वृशेषचन्द्र लाललाई पुन : उम्मेदवार नबनाई पैसाको बलमा मृगेन्द्रनारायण सिंह यादवलाई उम्मेदवार बनाएको भन्दै त्यतिबेला चर्को बिरोध भएको थियो ।

लाल र सिंहलगायतका नेता कार्यकर्ताहरु फागुन १५ गते प्रवेश गर्ने भनिएको तराई मधेस लोकतान्त्रिक पार्टी २०७८ साल मंसिर १७ गते नै निर्वाचन आयोगमा दर्ता भइसकेको छ । जसका अध्यक्ष जनकपुरधाम उपमहानगर पालिका-४का रविशंकर कुमार कर्ण छन् भने उपाध्यक्ष धनौजी गाउँपालिका-५ बहुअर्वाका रमेशप्रसाद अधिकारी(मण्डल) तथा महामन्त्री जनकपुरधाम २ का विमला साह छन् ।

तमलोपाका उपाध्यक्ष रमेशप्रसाद अधिकारीले लाल र सिंहलगायतका नेता कार्यकर्ता आफ्नो पार्टीमा प्रवेश गर्न आए स्वागत गर्ने बताएका छन् । 'हामी मधेस र मधेसीको सेवा गर्न दल दर्ता गराएका हौं । पार्टी प्रवेश गर्न आउने सबैलाई स्वागत गर्छौं,' उनले भने ।

इतिहासदेखि नै मधेसका नेता र पार्टीहरुमा फुट आईरहेको पाइन्छ । मधेसमा राजनीतिक प्रभाव २०१५ सालमा भएको पहिलो आम निर्वाचनमा नेपाली कांग्रसले मधेस र मधेसी नेताहरुलाई न्यायोचित स्थान नदिएको उल्लेख गर्दै कुलानन्द झा र वेदानन्द झाहरुले तराई कांग्रेस गठन गरी निर्वाचनमा भाग लिएका थिए ।

निर्वाचनमा खासै सफलता प्राप्त गर्न नसके पनि तराई कांग्रेसले मधेसमा २७ हजारभन्दा अधिक भोट प्राप्त गरेको थियो । तर मधेसी जनताको इच्छाविपरित कुलानन्द झा पञ्चायती व्यवस्थामा प्रवेश गरी गृहमन्त्री बनेका थिए ।

त्यसपछि पूर्वमा रघुनाथ ठाकुर र पश्चिममा रघुनाथ रायले मधेसवादी आन्दोलन आरम्भ गरेका थिए । पछि रामजनम तिवारी र गजेन्द्रनारायण सिंहहरूले सद् भावना परिषद् गठन गरी मधेसकेन्द्रित राजनीतिक गतिविधि सुरु गरे ।

२०४६ सालको राजनीतिक परिवर्तनपश्चात् २०४७ सालमा गजेन्द्रनारायण सिंहको नेतृत्वमा नेपाल सद्भावना पार्टी गठन भयो । आन्दोलन चलिरहँदासम्म पार्टी एकढिक्का रह्यो तर सत्तामा जाने सवालमा सद्भावना पार्टी छिन्नभिन्न भएको थियो ।२०६३ सालमा अन्तरिम संविधान जारी हुँदा तत्कालीन मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा पहिलो मधेस आन्दोलन सुरु भएको थियो । आन्दोलनपश्चात् २०६४ सालमा यादवकै अध्यक्षतामा मधेसी जनअधिकार फोरम नेपाल दर्ता भएको थियो । फोरम दर्ता भएयता पटक-पटक फुट्दै र जुट्दै आएको छ ।

मधेस आन्दोलनको अन्त्यमा सरकारसँग भएको २१ बुँदे सम्झौतासँग असन्तुष्ट भाग्यनाथ गुप्ता, रामकुमार शर्मा, किशोर विश्वास र जितेन्द्र सोनललगायतका नेताहरु फुटेर मधेसी जनअधिकार फोरम मधेस गठन गरेका थिए । यसैगरी अमर यादवको नेतृत्वमा पार्टीमा अर्को विभाजन भई मधेस फोरम गठन भएको थियो ।

लगत्तै विजयकुमार गच्छदारको नेतृत्वमा मधेसी जनअधिकार फोरम नेपाल लोकतान्त्रिक अनि जेपी गुप्ताको नेतृत्वमा मधेसी जनअधिकार फोरम गणतान्त्रिक गठन भएको थियो ।

२०७४ को आम निर्वाचनमा गठबन्धन गरेर चुनावमा गएको राष्ट्रिय जनता पार्टी र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच २०७७ वैशाख १० गते मध्यराति नाटकीय रुपमा एकीकरण भई जनता समाजवादी पार्टी गठन भएको थियो । तर २०७८ भदौमा जसपा टुक्रिएर लोकतान्त्रिक समाजवादी पार्टी गठन भएको थियो ।

जसपाबाट टुक्रेर बनेको लोसपामा मंगलबार पुन : अर्को विभाजन भएको छ भने उपेन्द्र यादव नेतृत्वको जसपासमेत फुटको संघारमा छ ।

## सप्तकोशी...

रुपैयाँ बैंकलाई भराइदिनुपर्ने सोही बराबर प्रतिवादीलाई जरिवाना तथा ६ वर्षदेखि ८ वर्षसम्म कैदको सजाय माग दाबी लिएर मुद्दा दायर गरिएको जिल्ला न्यायाधिवक्ता काफ्लेले जानकारी दिए ।

सरकारी वकिलको कार्यालयले बैंकका जनरल सर्भिस डिपार्टमेन्ट (जीएसडी) प्रमुख हिमाल भट्टराई, लेखा वित्त प्रमुख देवीप्रसाद भण्डारी, अपरेसन प्रमुख अमित थापा मगर, होमप्रसाद पौडेलसहित फरार रहेकाहरु बैंकका कार्यालय सहयोगी चुडाबहादुर निरौला, बैंकका कार्यालय सहायक पदबाट राजीनामा दिएका निश्चल सुवेदी, बैंकको कनिष्ठ सहायक पदबाट राजीनामा दिएकी समिक्षा अधिकारी, वरिष्ठ सहायक शुभेच्छा निरौला, खातावाला बबिता बस्नेत, कमल दाहाल र मनोज भट्टराईमाथि मुद्दा दिइएको छ ।उच्च अदालत विराटनगरका सुपरिटेन्डेन्ट तथा सूचना अधिकारी ओमराज सुवेदीले बैंकिङ कसुरमा मुद्दा दर्ता भएकोले बुधबार इजलासमा प्रतिवादीको बयान सुरु हुने र बयान सकिए सोही दिन थुनछेक बहस हुने जानकारी दिए ।बैंकको रकम अपचलन भएकामध्ये तत्कालिन सिइओ सुवेदीले पदीय जिम्मवारी दुरूपयोग गर्दै फुफु दिदी नाता पर्ने झापा दमक नगरपालिका १३ घर भएकी ४३ वर्षीया बबिता बस्नेतको खाताबाट फरक-फरक मितिमा १४ करोड ६ लाख ९३ हजार ७ सय ३५ रूपैयाँ झिकेर हिनामिना गरेको खुलेको छ । अपचलन गरेको रकममध्ये रेमिट खाताको सन् २०१६ अगस्ट ७ तारिखदेखि बबिता बस्नेतको ९९९०००१५००१५ नं. खाताबाट १४ करोड ५ लाख २१ हजार ३ सय ६५ रुपैयाँ र खर्च खाताबाट सन् २०१६ अप्रिल २२ तारिखदेखि १ लाख ७२ हजार ३ सय ७० रुपैयाँ गरी ६ वर्षमा १४ करोड ६ लाख ९३ हजार ७ सय ३५ रुपैयाँ अपचलन गरेको मोरङ प्रहरीले अनुसन्धान पुरा गरेपछि सरकारी वकिलको कार्यालयमा बुझाएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

घोटाला भएको जम्मा रकममध्ये रेमिट शीर्षकबाट १५ करोड ६९ लाख ७७ हजार ९ सय ७७ रुपैयाँ र खर्च शीर्षकबाट ५ लाख ६२ हजार ५ सय ९८ रुपैयाँ अपचलन २०७२ सालदेखि २०७८ मंसिरसम्म गरेको देखिएको छ । बैंकबाट १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रुपैयाँ अपलचन भएको रकम बैंकका कर्मचारीसहित ६ जनाको खाताबाट भएको देखिएको छ । सुवेदीको नाता पर्ने बबिता बस्नेत, बैंकका जनरल सर्भिस डिपार्टमेन्ट (जीएसडी) प्रमुख हिमाल भट्टराई, अपरेसन प्रमुख अमित थापा मगर, कमल दाहाल, मनोज भट्टराई र चुडाबहादुर निरौलाको नामको खाताबाट रकम अपचलन गरेको देखिएको छ । सिइओ सुवेदीको नातामा भान्जा पर्ने हिमाल भट्टराईले विभिन्न मितिमा चार पटक रकम झिकेको देखिएको छ । भट्टराईले ९९९००००६४४०११ नं. खाताबाट सन् २०२१ अक्टोबर २६ तारिखमा ७७ लाख ९७ हजार ८ सय ८० रुपैयाँ, २०१८ अप्रिल १ मा १९ लाख ३१ हजार १ सय ६९ र २०१६ मार्च २७ गते ४२ हजार ५ सय रुपैयाँ रेमिट र खर्च खाताबाट रकम झिकेको देखिएको छ । यसैगरी कमल दाहाल र मनोज भट्टराईको नामको खाताबाट विभिन्न मितिमा २/२ पटक रकम झिकेको देखिएको छ । कमल दाहालको रेमिट खाताबाट २०१६ अगस्ट १ तारिखमा २ लाख ६० हजार, २०१६ मार्च ३० तारिखमा खर्च खाताबाट १ लाख १३ हजार ६ ८० रुपैयाँ झिकेका छन् ।यस्तै मनोज भट्टराईको खाताबाट २०१६ अक्टोबर ६ तारिखमा रेमिट खाताबाट ३३ लाख ८१ हजार ६३ र खर्च खाताबाट सोही मितिमा १ लाख ९३ हजार ४८ रुपैयाँ अपचलन भएको देखिएको छ ।बैंकका अपरेसन प्रमुख अमित थापा मगरको रेमिट खाताबाट २०१६ नोभेम्बर ३ तारिखमा ३ लाख ८६ हजार ५ सय रुपैयाँ हिनामिना भएको छ ।

यस्तै चुडाबहादुर निरौलाको खर्च खाताबाट २०१६ मार्च २१ तारिखमा ४१ हजार रुपैयाँ झिकेको देखिएको छ ।प्रदेश १ को ७ जिल्लामा ३६ वटा शाखा कार्यालय रहेको सप्तकोशी बैंकको ४ अर्ब ३० करोड रुपैयाँ निक्षेप छ । साविकको कावेली विकास बैंक र सप्तकोशी डेभलपमेन्ट बैंक मर्जरमा गएर हाल सप्तकोशी डेभलपमेन्ट बैंक लि. नामबाट वित्तीय कारोबार गरिरहेको यो बैंक नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त 'ख' वर्गको वित्तीय संस्था हो ।

## परपुरुषसँग...

व्यवस्थापन गरेको खुल्यो।' उनका अनुसार गत दशैंदेखि अनिता र सरोज प्रेम सम्बन्धमा रहेका थिए। सुनसरी प्रकाशपुर माइती भएकी अनितासँग दिनेशको १० वर्षअघि प्रेम विवाह भएको उनले बताए। कान्छी श्रीमतीतर्फ दिनेशकी ७ वर्षकी छोरी छन्। अनितासँग प्रेममा परेका सरोजको पनि श्रीमतीसँग घरवार बिग्रिएको पाइएको छ। प्रहरीका अनुसार श्रीमतीसँग सम्बन्ध विच्छेदको प्रक्रियामा रहेका उनी अनितासँग गत दसैंदेखि नियमितजसो बस्न थालेको खुल्यो। अनिताले भने सरोजसँगको प्रेम सम्बन्ध थाहा पाएपछि दिनेशले मदिरा सेवन गरेर आफूमाथि कुटपिट गरेका कारण हत्या गरेको प्रहरीलाई बताएकी छन्। इलामको बाँझो घर भएका दिनेश केही समयअघि परिवारसहित दमक बसाइँ सरेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार २२ वर्षअघि बिहे गरेकी जेठी श्रीमती निर्मला सिग्देल भने छोराछोरीसहित झापाको झिलझिलेमा बस्दै आएकी थिइन्। जेठी श्रीमतीतर्फ दिनेशका दुई छोरा र दुई छोरी रहेको जानकारी प्रहरीले दिएको छ। विदेशबाट फर्किएपछि जेठी श्रीमतीसँग फोनमा सम्पर्क भएको तर भेट नभएको पाइएको एसपी थापाले बताए। 'झोलामा शव भेटिएपछि तत्काल पहिचान खुलेन। सबैतिरबाट प्रमाण संकलन गर्दै पहिचान खुलाउन सकिएका कारण प्रहरी हत्यारासम्म पुग्न सफल भयो,' उनले भने, 'चुनौती बनेर आएको घटनालाई निष्कर्षमा पुऱ्याउन सक्नु प्रहरीका लागि ठूलो उपलब्धि हो। सम्बन्धमा रहेका परपुरुषसँग मिलेर कान्छी श्रीमतीले वैदेशिक रोजगारीबाट फर्किएका पुरुषको हत्या गरेको पाइयो।' थापाले घटनाको अनुसन्धान गर्दै शवको सनाखत र घटनाको वास्तविकता पत्ता लगाउनका लागि स्केच बनाउने, मुलुकभरका प्रहरी कार्यालयमा हुलिया परिपत्र गर्नेलगायतका धैरै मेहनत प्रहरीले गर्नु परेको जानकारी दिए।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय, १ नं. प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री मिना अधिकारी, पश्चिमः श्री ज्ञानु योञ्जन तामाङ्ग, उत्तरः श्री शिव बस्नेत, दक्षिणः सडक को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री बालकुमारी लुङ्गेली थापा श्रेष्ठले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १९९२९ | १५२.३७ | २०७८/०८/२७ | २०७८/०८/२७ | २०७८/११/०९ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय, १ नं. प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री दिरेन्द्र राई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री लक्षिमा देवी गुरागाईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९-०१२० | ४२६७ | १५२.३८ | २०७८/१०/१६ | २०७८/१०/१८ | २०७८/११/०५ |

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोनः ०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

**आय संकलन काउन्टर सुचारु हुने बारेको**

प्रस्तुत सम्बन्धमा सरभर बिग्रिएको कारण यस अनारमनी वितरण केन्द्रको सुरुङ्गा काउन्टर बन्द रहेकोमा मिति २०७८/११/११ गते बुधबारको दिनदेखि काउन्टर सुचारु हुने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारी गराईन्छ । छुट तथा थप दस्तुरको लागि महशुल काउन्टर खुलेको पहिलो दिन महशुल बुझाउनु हुन अनुरोध गरिन्छ ।

**- नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

**हरि ओम UPVC उद्योग**



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरूः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।
नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### नामकरण छिटो टुंग्याऊ

एक नं प्रदेश नामकरण लागि दलहरुले छलफल अघि बढाएका छन् । मंगलबार प्रदेश १ सरकारले सर्वदलीय बैठक आयोजना गऱ्यो । तर, बैठकमा सहमति हुन सकेन । सत्ता पक्ष होस् या विपक्ष कुनै पनि दलले प्रदेश नामकरणबारे ठोस प्रस्ताव अघि सारेनन् ।

देशका ६ वटै प्रदेशले नामकरण प्रक्रिया टुंगो लगाइसकेका छन् । तर, प्रदेश एकमा कुनै सुरसार नै थिएन । राजेन्द्रकुमार राई मुख्यमन्त्री रहेको सरकारले पहिलोपटक सर्वदलीय बैठक आयोजना गऱ्यो । सत्तारुढ गठबन्धनले प्रदेश नामका बारे एउटै नाम प्रस्ताव गर्ने दाबी गरिरहेका बेला मंगलबार कार्यक्रममा बोल्ने पाँच दलका नेताहरुले आ–आफ्नो अडान व्यक्त गरे । प्रदेश सरकारले फागुन १५ गते प्रदेशसभाको बैठक बोलाएको छ । त्यस बैठकले नामकरणको विषय टुंगो लगाउने आशंका नै छ । किनकि यसअघिका दुईवटा सरकारले सकेनन् । मंगलबारको सर्वदलीय बैठकले पनि त्यो संकेत दिएको छ । एमाले नेतृत्वमा रहेका यसअघिका दुईवटा प्रदेश सरकार नामकरणबारे कुनै पहल नगरेको अपजस भोगिरहेका छन् । तीन वर्षभन्दा बढी रहेको शेरधन राई नेतृत्वको सरकार र छोटो समयमै ढलेको भीम आचार्य नेतृत्वको सरकारले प्रदेशको नाम राख्न नसकेको आलोचना खेपिरहेका बेला राजेन्द्र राई नेतृत्वको सरकार संसद्को जारी हिउँदे अधिवेशनमा नाम टुंग्याउने दाबी गरिरहेको छ ।

९३ सदस्यीय प्रदेश सभामा एमाले सांसद ४१ (सभामुखसहितं) जना छन् । नेपाली कांग्रेस २१, माओवादी केन्द्र १५ (१६ मध्ये १ पदमुक्त), एकीकृत समाजवादी १० , जसपा ३ र राप्रपा र संघीय लोकतान्त्रिक मञ्चका १–१ जना छन् । संविधानअनुसार प्रदेश नाम राख्न दुईतिहाई मत आवश्यक पर्छ । प्रदेशमा दुईतिहाई संख्या पुऱ्याउन ६२ जना आवश्यक पर्छ । सत्ता गठबन्धनमा ५१ जना मात्रै छन् । गठबन्धनलाई नामकरण प्रक्रिया टुंग्याउन थप ११ मत आवश्यक हुन्छ । यसर्थ एमाले नै निर्णायक हुने अवस्था छ । जसरी भएपनि प्रदेश १ को नामकरण टुंग्याउनै पर्ने भएको छ । दलहरुबाट आउने फरक फरक प्रस्तावमाथि घनिभूत छलफल गरेर भएपनि नामकरण टुंग्याऊ । नत्र १ नं. प्रदेशका सांसदहरु अन्तिम मात्र भएका छैनन् , असफल समेत बन्नेछन् ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संसद्ले स्वीकार्नु पर्छ एमसीसी



• प्रकाश दुलाल

नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसनका बीच वि.सं. २०७४ भदौ २९ मा भएको 'अनुदान सहायता सम्झौतापत्र' संसद्बाट पारित गर्न २०७८ फागुन ८ गते संसद्मा पेस भएको छ । सम्झौता संसद्मा टेबल गर्दासम्म सम्झौता जस्ताको पारित गर्ने वा संशोधनसहित पारित गर्ने भन्ने विषयमा सरकारमा सहभागी गठबन्धनका बीचमा सहमति हुन सकेको छैन । २०६८ माघ ५ गते प्रधानमन्त्री डा. बाबुराम भट्टराई र अर्थमन्त्री वर्षमान पुन रहेका बेला नेपाल एमसीसी सहायताका लागि थ्रेसहोल्ड कार्यक्रम छनोटबाट भएको हो । त्यसपछि २०७० पुसमा नेपालले विकासका अवरोध पहिचान गर्न विज्ञ अर्थशास्त्रीको समूह गठन गरेपछि सोही समूहको सिफारिसमा विद्युत् प्रसारण लाइन र सडक निर्माण गर्न अनुदान लिन खिलराज रेग्मी नेतृत्वको सरकारले आवेदन पेस गरेपछि एमसीसीले २०७१ माघमा नेपाललाई अनुदान सहायता कम्प्याक्टका लागि छनोट गरेको हो । २०७३ साउन ५ गते प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले कम्प्याक्टको मस्यौदा तयार गरी प्राविधिक सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता गरेको थियो । त्यसपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र अर्थमन्त्री कृष्णबहादुर महरा रहेको बेला २०७४ जेठ १८ मा अनुदान सहायता सम्झौताको अन्तिम रूप दिन द्विपक्षीय वार्ता टोली गठन भएर सोही टोलीले प्रस्ताव तय गरेको थियो ।

उक्त प्रस्ताव प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्बाट २०७४ साउन १० गते स्वीकृत भएको थियो । सरकारको तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र संयुक्त राज्य अमेरिकाको तर्फबाट एमसीसीका प्रमुख कार्यकारी अधिकृत जोनाथन जिनाशबीच वासिङटन डीसीमा २०७४ भदौ २९ मा सम्झौतामा हस्ताक्षर भएको हो । संसद्मा पेस गर्ने विषयमा गठबन्धन दलका बीचमा सहमति नहुँदा अर्थमन्त्री जनार्दन शर्मा बिरामी भएको बहाना बनाएर पन्छिएपछि सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सम्झौतालाई कानुन बनाउन संसद्मा पेस गर्नुभएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले यो सम्झौतालाई संसद्मा पेस गर्नुपर्ने पक्षमा उभिए पनि आफूले कारबाही गरेका १४ जना सांसदलाई सभामुखले कारबाही नगरेसम्म प्रक्रियामा भाग नलिने बताउँदै आएको छ । सत्ता गठबन्धनबीच नै सम्झौता पारित गर्ने विषयमा एकमत छैन । प्रमुख प्रतिपक्षी दलको संसद्का कामकारबाहीको विरोधका बीच संसद्मा पेस भएको 'अनुदान सहायता सम्झौतापत्र' पारित हुने वा नहुने अझै यकिन हुन सकेको छैन ।

#### वैदेशिक सहायताको आवश्यकता

प्रसारण लाइन र सडक निर्माणका लागि एमसीसीका सर्त स्वीकार गर्नुभन्दा आफ्नै स्रोतले बनाउनुपर्छ भन्ने धारणा सुन्दा राष्ट्रवादी लाग्छ तर संविधान निर्माणपछिको बजेटको आकार र स्रोत हेर्दा चालू खर्चलाई राजस्वको स्रोतले नपुगेर आन्तरिक ऋण उठाएर कर्मचारीलाई तलब खुवाउन परेको छ । यसरी विकास खर्चको सम्पूर्ण रकम वैदेशिक ऋण तथा सहायतामा निर्भर हाम्रो मुलुकमा प्रसारण लाइन र सडक निर्माणमा आएको वैदेशिक अनुदान सहायताको विरोध व्यावहारिक देखिँदैन ।

एमसीसी सहयोगबाट निर्माण गरिने ३१३ किलोमिटर लामो लप्सीफेदी-रातामाटा-हेटौँडा-दमौली-बुटवल ४०० के.भी. डबल सर्किट प्रसारण लाइन र कपिलवस्तुको चन्द्रौटादेखि दाङको शिवखोलासम्मको ७७ किलोमिटर सडक मुख्य हो भने नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने बुटवल-गोरखपुर ४०० के.भी. प्रसारण लाइनअन्तर्गतको नेपाल-भारत सीमासम्मको २२ किलोमिटर अन्तरदेशीय प्रसारण लाइन आयोजना सहायक हो । प्रसारण लाइन निर्माणमा भारतीय सहमतिमा नेपालभित्र बन्ने ३१३ किलोमिटर विद्युत् प्रसारण लाइन निर्माणका लागि नभएर नेपाल (बुटवल) -भारत (गोरखपुर) ४०० के.भी. प्रसारण लाइनको नेपाल खण्ड २२ किलोमिटर निर्माणका लागि भारतीय सहमति आवश्यक भनिएको हो । जसले नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइनको सिङ्क्रोनाइजेसनको सुनिश्चितता खोजेको छ । संघीयताजस्तो महँगो राजनीतिक शासन प्रणाली अवलम्बन गरेपछि विकास खर्चका लागि वैदेशिक ऋण र अनुदानको निर्भरता बढेको विषय सामान्य जनतालाई जानकारी नहुन सक्छ । सचिव, मुख्यसचिव, सांसद, मन्त्री र प्रधानमन्त्री भइसकेका व्यक्तिले विकास बजेट वैदेशिक सहायता निर्भर रहेको तथ्यलाई नजरअन्दाज गरेर राष्ट्रवादी बन्ने नाममा दुई वर्षसम्म वैदेशिक सहायता नलिऔँ भन्दै हिँड्नु भनेको सडकमा जनता भड्काएर राष्ट्रवादको नाममा आफ्नो राजनीतिक स्वार्थको रोटी सेक्नु मात्रै हो ।

#### प्रसारण लाइनको आवश्यकता

एमसीसीको ५० करोड अमेरिकी डलर सहायता सम्झौताअनुसार ४० करोड अमेरिकी डलर अनुदान सहायताबाट ४०० के.भी. क्षमताका लप्सीफेदी, रातामाटा, दमौली तीनवटा सबस्टेसन निर्माणसँगै हेटौँडा र न्यू बुटवलमा रहेको ४०० के.भी. क्षमताका २ वटा सबस्टेसनको क्षमता वृद्धि र ३१३ किलोमिटर डबल सर्किट ४०० के.भी. प्रसारण लाइन निर्माण हो । यसैगरी, सहायता रकमको ४.८ करोड डलर खर्चेर नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने बुटवल-गोरखपुर ४०० के.भी. को नेपाल-भारत सीमासम्मको २२ किलोमिटर अन्तरदेशीय प्रसारण लाइन हो । मुलुकमा करिब ८३ हजार मे.वा. विद्युत् उत्पादन सम्भावना रहेकोमा अहिलेसम्म दुई हजार ७० मे.वा. अर्थात् सम्भावनाको करिब दुई प्रतिशत मात्रै विद्युत् उत्पादन छ । यसैगरी, अहिले सरकारी क्षेत्रबाट ६१० र निजी क्षेत्रबाट ३५०६ मे.वा.का योजना निर्माणाधीन छन् । निजी क्षेत्रबाट २१४१ मे.वा. पीपीए गरेर निर्माणको चरणमा छन् । १८५२ मे.वा. को विद्युत् जडान सम्झौता सम्पन्न भएर पीपीएको पर्खाइमा छन् ।

तर नेपाल सरकारले सीमापार विद्युत् व्यापारका लागि आवश्यक विद्युत् प्रसारण लाइन निर्माण गर्न नसकेर तीन वर्षदेखि कुनै पनि आयोजनाको पीपीए भएको छैन भने निजी क्षेत्रका ७२ सय मे.वा आयोजनाले सर्वेक्षण कार्य सम्पन्न गरेर विद्युत् जडान सम्झौताका लागि आवेदन गरे पनि सोही कारणले विद्युत् जडान सम्झौता रोकिएको छ ।

यी आयोजनाको पहिचान, अध्ययन, विकास लागि निजी क्षेत्र अहिलेसम्म करिब १२ खर्ब लगानी गरिसकेको छ भने आगामी पाँच वर्षमा थप १७ खर्बभन्दा बढी लगानी गर्नेछ । यसैगरी पाँच वर्षमा थप १३ हजार मे.वा. विद्युत् उत्पादनको सँगै सोको प्रवाहका लागि उत्तर-दक्षिण, पूर्व-पश्चिम ४००, २२०, १३२ र ३३ के.भी. लाइन तथा सबस्टेसन निर्माण र स्तरोन्नतिका लागि करिब नौ खर्बभन्दा बढी लगानी आवश्यक छ । यसरी आगामी पाँच वर्षमा १३ हजार मे.वा. विद्युत् बनेमा जलविद्युत् क्षेत्रमा करिब २६ खर्ब लगानी हुनेछ । जुन लगानी प्रत्येक वर्ष पाँच खर्ब २५ अर्बका दरले पूर्वाधार निर्माणमा खर्च गर्नुपर्छ र यो सरकारको हाल भइरहेको वास्तविक विकास खर्च एक खर्ब ७५/८० अर्बको तेब्बर बढी हो । आ.व. २०७७/०७८ मा नेपालले भारतबाट दुई अर्ब २५ करोडको विद्युत् आयात गरेको छ । पाँच वर्षमा १३ मे.वा. बिजुली निस्किएमा आगामी दिनमा विद्युत् निर्यात गरेर सोझै व्यापार घाटा घटाउन सकिन्छ । खाना पकाउने ग्यास विस्थापन गर्न विद्युतीय चुलोको उपयोग, विद्युतीय सवारी साधनको प्रवर्द्धन तथा उद्योगलाई पर्याप्त बिजुली दिन सके पेट्रोलियय पदार्थको बढ्दो आयात घटाउन सकिनेछ । यसका साथै आय कर, धितोपत्र बजारमा सेयर खरिद बिक्री कर अर्बौं राजस्व उठ्ने छ । यसरी रोजगारी सिर्जना, आयात नियन्त्रण र सरकारी राजस्वमा योगदान र व्यापारघाटा सन्तुलन आदिका कारणले जलविद्युत् क्षेत्र नेपालको आर्थिक रूपान्तरणको संवाहक हो । प्रसारण लाइन निर्माण र सीमापार विद्युत् व्यापारको सुनिश्चित भएमा आगामी पाँच वर्षमा थप १३ हजार मे.वा. विद्युत् आयोजना निर्माण भई बर्सेनि प्रत्यक्ष आठ लाख रोजगारी सिर्जना भएर युवाले मासिक २५/३० हजार कमाउन खाडी मुलुक जानुपर्ने छैन भने करिब एक लाख ३० हजार जनाले दीर्घकालीन रोजगारी पाउने छन् ।यसैगरी, जलविद्युत् आयोजना निर्माणका समयमा सरकारलाई एक खर्ब ८० अर्ब भ्याट प्राप्त हुनेछ भने आयोजना निर्माणपछि १५ वर्षसम्म वार्षिक नौ अर्ब ३० करोड र १६ वर्षदेखि ३० वर्ष ५३ अर्ब रोयल्टी प्राप्त हुनेछ र ३० वर्षपछि यी सबै आयोजना सरकारी हुनेछन् ।

'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि सरकारको पन्ध्रौँ योजना (आ.व.२०७५।७६-२०८०।८१)मा 'जलविद्युत्को दिगो र भरपर्दो विकासमार्फत मुलुकको समृद्धिमा योगदान गर्ने' लक्ष्य छ । सरकारले १० वर्षमा १५ हजार मे.वा. विद्युत् उत्पादनको लक्ष्य राखेर 'नेपालको पानी, जनताको लगानी' नारासहित जलविद्युत् लाई आर्थिक विकासको संवाहक बनाउने घोषणाअनुसार एमसीसी अनुदान सहायताबाट बन्ने प्रसारण लाइन आयोजना आर्थिक रूपान्तरणकारी आयोजना भएकाले यसलाई नेपालको संसद्ले स्वीकार गर्नुपर्छ ।

# तरमारा वर्गबाट कहिलेसम्म आरक्षणको फाइदा ?



• सुदिप खनाल

आरक्षणको बारेमा गरिने बहस, आलोचनालाई अहिले राजनैतिक तथा छुट्टै भावनाले हेर्ने गरिन्छ , त्यो विल्कुल गलत हो । आरक्षणको नकारात्मक पक्षको बारेमा कथित माथिल्लो जातको व्यक्तिले बहस गरेमा त्यसलाई विरोधको रुपमा लिने र आरक्षणको सकारात्मक पक्षको कथित तल्लो जातको मानिसले बहस गर्दा त्यसलाई आवश्यकताविहिन बहसको रुपमा लिने मानसिकताले हामीलाई कहिल्यै माथि पुर्याउँदैन । आरक्षणको बारेमा स्वस्थ्य आलोचना हुनैपर्छ । यसका नराम्रा पक्षलाई हटाउनै पर्छ र सकारात्मक पक्षलाई संस्थागत गर्दै जानु पर्दछ । नेपाली समाज विविधताले भरिएको समाज हो । विभिन्न जात, जाति, भाषा, धर्मको बसोबासले यसलाई विश्वका अरु देश भन्दा पृथक र सुन्दर बनाएको छ । विभिन्न समयमा समाज विकासको क्रममा नेपाली समाज विभिन्न संरचना अंगाल्दै अघि बढ्दै गयो ।नेपाली समाजमा वर्णाश्रम व्यवस्थाको सुरुवातले मानिसहरू विभिन्न जातमा वर्गीकृत गरिए । जातको आधारमा हुने विभेदको सुरुवात पनि वर्णाश्रम व्यवस्थाकै कारण भएको मान्न सकिन्छ । यसरी कालान्तरमा यही व्यवस्थाले समाजमा तथाकथित तल्लो जात, माथिल्लो जातको अवधारणा विकास हुँदै गयो । भेदभाव, छुवाछुतको अवस्था विकसित हुँदै गयो । तर यतिबेला पनि विचार गर्नुपर्ने कुरा के हो भने माथिल्लो भनिने जातमा पनि आर्थिक रुपमा सक्षम वर्गले मात्र यो जात व्यवस्थाको पूर्ण फाइदा उठाउन पाए । माथिल्लो वर्गका आर्थिक रुपले तल्ला तह भने यो व्यवस्थाको न त पक्षमा भए , न विपक्षमा । पुस्तादेखि आएको संस्कारको रूपमा यसलाई अगाडि बढाइरहे ।

शिक्षाको विकास राणाकालसम्म केही व्यक्तिमा मात्र सीमित रहेको सन्दर्भलाई हेर्दा अशिक्षाले पीडित नेपालीहरु आफ्ना बाबु, बाजेले जे सिकाए, त्यसैलाई सत्यको रुपमा मान्न बाध्य थिए । जुन व्यवस्था पुर्खाले सिकाए, त्यही अंगाले । त्यसको आँकलन र मूल्याङ्कन गर्ने न त उनीहरुमा चेतना थियो, न त शिक्षाको विकास नै । जो शक्तिमा थिए, उनीहरुले आफ्नो स्वार्थसिद्ध गर्ने माध्यम बनाएर यो व्यवस्थालाई झन् बलियो बनाउँदै लगे । राणाकालीन समयसम्म विकासका यस्ता गतिविधि मात्र कार्यान्वयनमा ल्याइन्थ्यो, जुन राणाहरूको मान, सम्मान र शोख पुरा गर्ने गरिएका हुन्थे । राणाकालमा निकै थोरै कार्यमात्र जनताको भलाई होस् भन्ने मान्यताले कार्यान्वयनमा ल्याइन्थ्यो । तसर्थ विकास गतिविधि काठमाडौंकेन्द्रित थिए । अझ भनौं सत्र भाइ रोलवाला राणा केन्द्रित थिए । यस्ता विकास कार्यक्रममा न पहाड समेटिन्थ्यो, न तराई, न त हिमाल नै । यस्तो अवस्थामा जनता केवल विहान बेलुकाको लागि भरपेट खानेकुराको व्यवस्थापनमा केन्द्रीत थिए । अनि यस्ता विभेदहरुलाई आफ्नो कर्म र सामाजिक प्रक्रियाको रुपमा मान्दै आए । २००७ सालको प्रजातन्त्रको उदयले नेपाली समाजमा देखिएको विभेदलाई केही कम गर्ने ठोस कार्य गर्न नपाउँदै पञ्चायती व्यवस्थाको सुरुवातले यस्तो विभेदलाई झन् बढाएर लग्यो । नेपालको माटो सुहाउँदो भनी लागु गरिएको पञ्चायती व्यवस्थाको राष्ट्रवादको गलत व्याख्यासहितको एक भाषी राष्ट्र बनाउने अभियानले नेपालमा रहेको विभेद र भेदभावलाई झन् संस्थागत गर्दै लग्यो । प्रजातन्त्रको पुनस्थापनाले पनि समावेशी भावना आत्मसात गर्न सकेन, फलतः नेपाल फेरि १० बर्षे जनयुद्धमा फस्न पुग्यो । १० बर्षे गृहयुद्धको अन्त्य र त्यसको प्रतिफलबमोजिम नेपालमा समावेशी लोकतन्त्रको अभ्यास सुरु भयो । समावेशीकरणको मागलाई सम्बोधन गर्न र बर्षौंदेखि नेपाली समाजमा जरा गाडेको विभेद र सिमान्तीकरणलाई हटाउन भनी समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको नीति अवलम्बन गरियो ।

वर्तमान संविधानले समानुपातिक समावेशीकरण सिद्धान्तलाई अवलम्बन गर्दै सहभागितामुलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ । समानुपातिक प्रतिनिधित्वका लागि समानुपातिक निर्वाचन प्रणाली र सकारात्मक विभेदका लागि प्रमुख गरेर आरक्षण प्रणालीको व्यवस्था गरियो । यी दुवै प्रक्रियाको माध्यमबाट समावेशीकरणलाई मूर्तता दिने पवित्र सोच निर्माण गरियो, जसमा समानुपातिक प्रतिनिधित्वले निर्वाचन प्रक्रियामा मुलुकमा रहेका जात, लिंग आदिलाई जनसंख्याको अनुपातका आधारमा प्रतिनिधित्व गराउने सुनिश्चितता गरियो । त्यसैगरी आरक्षणको लागि सरकारी सेवाका पदमा पदपूर्ति गरिने पदमा आरक्षणको व्यवस्था गरियो । राजनीतिक, सामाजिक, आर्थिक सम्पूर्ण क्षेत्रलाई समावेशी बनाउन यस्ता व्यवस्था लागु भई कार्यान्वयनमा आए । आरक्षण आवश्यकता थियो, नेपालको विविधतालाई व्यवस्थापन गर्नको लागि, जुन लागु गरियो, त्यो सकारात्मक कदम हो । तर यसको कार्यान्वयन वैज्ञानिक पद्धतिमार्फत् हुन सकेन । तर, अर्को विडम्वना के रह्यो भने त्यसको परिमार्जन गर्न कोही पनि तयार भएनन् । आरक्षण प्रणाली प्रयोग वैज्ञानिक हुन नसक्दा यसले नेपाली समाजलाई दीर्घकालीन रुपमा असर गरिरहेको छ । आर्थिक तथा सामाजिक आधारमा पिछडिएको वर्गलाई आरक्षणमार्फत् राज्यको मूलप्रवाहमा समाहित गर्ने भनिए तापनि आर्थिक भन्दा पनि बढी जात, वर्ग र समुदायलाई आधारित भएर आरक्षण दिने गरिएको छ ।

आरक्षणप्राप्त जात तथा वर्गमा पनि यसको लाभ ग्रहण केवल सीमित रहेका तरमारा वर्गबाट हुँदैछ, यो विशिष्टिकृत छैन । सम्पन्न परिवारमा जन्मिएको र अवसरमा पहुँच पाएको तर कथित आरक्षित वर्गमा परेकै आधारमा उसले आरक्षणको फाइदा उठाएको देखिन्छ । त्यही आरक्षित समुदायको अर्को व्यक्तिले प्राप्त गर्नुपर्ने आरक्षणको हिस्सा उसले ग्रहण गरिरहेको छ । बाह्मण परिवारमा जन्मिदैंमा सबै सामाजिक रुपमा सम्मानित हुँदैनन् । उसका पिता पुर्खाले समाजको यस्तै अन्य विभेद भोगेको हुन सक्दछ भन्ने सम्भावनालाई विर्सिएर शोषक र माथिल्लो जातको दर्जामा राख्ने यस्तो आरक्षण प्रणाली नेपालको लागि कालन्तरमा घातक हुने निश्चित छ । आरक्षणको सही प्रयोग हुन नसक्दा विभेदको नयाँ रुप जन्मन्छ । हामीले देखेकै कुरा हो, राजनीतिक दलहरुका प्रतिनिधि होस् वा सामाजिक संगठनको प्रतिनिधि, जहाँ समानुपातिक प्रतिनिधिको माग हुन्छ, त्यहाँ बर्षौदेखि एक व्यक्ति अथवा एक परिवारको कब्जा रहेको हुन्छ । यस्तो प्रयोगले समाजमा आरक्षणप्रति गलत बुझाई विकसित हुँदै गएको देखिन्छ । यसलाई बेलैमा समाधान गर्नु जरुरी छ ।

आरक्षणलाई अगाडि भएको विभेदको क्षतिपूर्तिको रुपमा प्रदान गरिन्छ । माथि पनि उल्लेख गरिएको छ कि कथित माथिल्लो जातमा पनि सबैले विभेद गरेका छैनन्, बरु अधिकले विभेद भोगेका छन् । त्यस्ताको सन्तान दर सन्तानबाट सरकारले कस्तो क्षतिपूर्ति संकलन गरेको हो ? यो पुनर्विचार गर्नुपर्ने विषय हो । अनि सीमित वर्गबाट भएको विभेदको सजाय सम्पूर्ण समुदायलाई नै दिनु कत्ति सान्दर्भिक हो ? आरक्षणको व्यवस्थालाई १० बर्षमा पुनरावलोकन गरिने भनिए तापनि यसो गरिएन, जसको फलस्वरुप तरमारा वर्गहरुले आरक्षणको फाइदा लिइरहेका छन्, खास आवश्यक वर्गमा यो पुग्न सकेको छैन । आरक्षणको आवश्कता छैन भन्ने विचारलाई थप बल पुर्याउन यस्ता कार्यले सहयोग गरेको देखिन्छ । आरक्षण दीर्घकालीन समाधानको उपाय होइन तर यो यस्तो पपुलिष्ट अवधारणा भइसकेको छ कि यसको समाधानमा सानोतिनो क्षमता भएको सरकार सक्षम नहुने देखिन्छ । किनकि यो अब राजनीतिक लोकप्रियता प्राप्त गर्ने माध्यम भएको छ । कुनै पनि सरकार आरक्षणबारे पुनर्विचार गरेर 'अनपपुलर' हुन चाहदैन । तर यसले कालन्तरमा जन्माउने द्वन्द्वलाई कसरी समाधान गर्ने भन्ने विषयमा अहिले कोही पनि सचेत भएको देखिदैन ।

यदि आरक्षणलाई हाल जसरी नै अगाडि बढाउँदै लैजाने हो भने हाल आरक्षण भन्दा बाहिर रहेका समुदाय र वर्गको सन्तान दर सन्तानमाथि त राज्यले समान व्यवहार नगरेको ठहर्छ । के त्यस्तो बेला फेरि तिनिहरुलाई पनि फेरि आरक्षण दिने ? त्यसो गर्ने भए यो चक्र कहिले टुंगिएला ? यसमा गम्भीर भएर बहस चलाउनु जरुरी छ । आरक्षण व्यवस्थालाई अझै विशिष्टिकृत बनाउनुपर्छ, आर्थिक रुपमा पिछडिएका वास्तविक वर्गको पहिचान हुनुपर्दछ र उनीहरुलाई पनि यसको दायरामा समेटिनु पर्दछ । एकपटक आरक्षण प्राप्त गरिसकेपछि पुन ः त्यही व्यक्ति आरक्षणको लागि योग्य हुने व्यवस्था खारेज हुनु पर्दछ । आरक्षणको पुनरावलोकन हुनुपर्छ, सशक्तिकरणका कार्यमा जोड दिनुपर्दछ । यदि समयमा यी र यस्ता काम गर्न हात कमाउने हो भने मुलुकमा विविधता बीचको एकता कायम गर्न सकिदैन ।

# फुट्यो लोसपा

**झापा (प्रस)।** फुटको श्रृंखलालाई निरन्तरता दिँदै एउटा मधेसवादी पार्टी मंगलवार पुनः टुक्रिएको छ । लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं पूर्व राष्ट्रियसभा सदस्य वृशेषचन्द्र लाल, संविधासभा सदस्य विजयकुमार सिंहलगायतका नेता कार्यकर्ताहरू लोसपा परित्याग गरी तराई मधेस लोकतान्त्रिक पार्टीलाई ब्युँताउने उद्घोष गरेका छन् ।




जिल्ला समन्वय समिति धनुषाको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा वृशेषचन्द्र लालले लोसपा परित्याग गरेको तथा फागुन १५ गते तमलोपामा प्रवेश गर्ने जानकारी दिएका छन् । लालले मधेसवादी दल तथा नेतृत्व पंक्तिमाथि जनता,जनताको विद्रोहपूर्ण संघर्षको ऐतिहासिक एजेन्डालाई थाम्न नसकेको, गन्तव्यको दिशामा अगाडि बढ्न नसकेको तथा जनताले दिएको अभिमत, समर्थनलाई सत्ता र सरकारमा सहभागिताको स्वार्थमा शक्तिको हातमा सुम्पेको आरोप लगाए ।

'बृहत् राजनीतिक शक्ति निर्माणको नाममा सरकारहरु बनाउन भएका एकीकरण वा विभाजनले मधेसकेन्द्रित दलहरुको अस्तित्व नै

❖ बाँकी अन्तिम पृष्ठमा

# चोरीमा संलग्न दुई पक्राउ

**पथरीशनिश्चरे (प्रस)।** गत माघ १८ गते रातको समयमा विराट चोकस्थित एक किराना पसलमा चोरी गरेको आरोपमा दुईजनालाई प्रहरीले पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा झापा शिवसताक्षी नगरपालिका वडा नं. ९ बस्ने बर्ष २१ का रोहित भण्डारी र मेचीनगर नगरपालिका वडा नं.६ बस्ने बर्ष २७ का दिलिप लिम्बू रहेका छन् । उनीहरू दुवैले मोरङको सुन्दर हरैंचा नगरपालिका वडा नं.९ विराट चोकस्थित सूर्य कट्टेलको किराना पसलबाट रिचार्ज कार्ड, अन्य किराना मालसामान गरी १ लाख ५० हजार बराबरको सामान चोरी गरी फरार भएका थिए । ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले ४९ हजार ८ सय बराबरको रिचार्ज कार्ड र नगद २५ हजारसहित उनीहरुलाई पक्राउ गरेको थियो । दुवैमाथि मोरङको जिल्ला अदालतबाट चोरी कसूरमा पाँच दिन म्याद थप गरी आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# अबैध औषधी बिक्री गर्ने पक्राउ

**झापा (प्रस)।** मोरङको सुन्दरहरैचा नगरपालिका-१९ विराटचोकमा संचालित नेति फर्मा र डे-ड्रिम मेडिसिन सेन्टरका संचालकलाई ठूलो परिमाणको अबैध औषधीसहित प्रहरीले पक्राउ गरेको छ ।

उनीहरुलाई पक्राउ गरेसंगै उक्त औषधी खरिद गरी लागूऔषधको रुपमा प्रयोग गर्ने अन्य ७ जना समेत पक्राउ परेका छन् । उक्त दुईवटा मेडिकलबाट चिकित्सकको अनुमतिबिना अबैध रुपमा महँगो मूल्यमा लागूऔषध दुर्व्यसनीमा लागेका ब्यक्तिहरुलाई औषधी अनाधिकृत रुपमा बिक्री वितरण गरिरहेको भन्ने बिशेष सूचनाका आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको आरआइटी समूह र ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले सोमबार उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा मेडिकल संचालक सुन्दरहरैचा नगरपालिका-१० का ४५ बर्षीय सुशिल काफ्ले र उनकी श्रीमती ३२ बर्षीया गोमा कार्की तथा सेवनकर्ताहरु सुन्दरहरैचा-१ का २३ बर्षीय सनम खवास, सुन्दरहरैचा-१० का ३० बर्षीय अरुण राई, ३५ बर्षीय सनम तामाङ , सुन्दरहरैचा-९ का २४ बर्षीय सुवास राई, २२ बर्षीय जुसन सुनाम, ३१ बर्षीय निमेस परियार र ३४ बर्षीय अनुप खड्का रहेका छन् । उक्त दुईवटा मेडिकलबाट प्रहरीले क्एब्क्एब्क्ष्ब्ल- द्धद्ध,घठण चक्की, ब्ल्त्क्ष एँ- ज्ञठ,टद्दण चक्की, ल्भ्ब्चक्ष्ल-ठछ- ज्ञड,ढद्दघ चक्की, एच्भ-श-ठछ- ज्ञ,द्दण्ण चक्की र ब्एब्द्यबीक्ष्ल-ठछ-ज्ञद्ध,टण्ण चक्की बरामद गरेको छ । यसरी अनाधिकृत रुपमा दुर्व्यसनीमा लागेका ब्यक्तिहरुलाई औषधी बिक्री वितरण गर्ने दुवै मेडिकल संचालकलाई ठूलो परिमाणको औषधीसहित पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ । यसैगरी सुनसरीको बराहक्षेत्र-६ बाट नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बराहक्षेत्र-३ का ३२ बर्षीय अजित राजधामी रहेका छन् । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले राजधामीलाई ९२० मिलिग्राम ब्राउनसगुरसहित पक्राउ गरेको हो । पक्राउ परेका राजधामीको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# खाल्डोमा डुबेर बालिकाको मृत्यु

**झापा (प्रस)।** सुनसरीको हरिनगरा गाउँपालिका-३ की निलमकुमारी रामकी १ बर्षीया छोरी सुस्मिताकुमारी रामको पानी जमेको खाल्डोमा डुबेर मृत्यु भएको छ ।

सोमवार दिउँसो २ बजेको समयमा घर छेउमा रहेको पानी जमेको खाल्डोमा डुबेर मृत अबस्थामा रहेको भन्ने खबर प्राप्त भएसंगै जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी टोली खटी गई घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जनाइएको छ ।

# अनाथलाई दिने गोत्र हो 'काश्य': खाम्बातिम अध्यक्ष राई

**बिर्तामोड(प्रस)।** किरात राई चाम्लिङ खाम्बातिमका अध्यक्ष युवराज चाम्लिङले काश्य गोत्र हिन्दू वर्णाश्रममा अनाथहरुलाई दिने गोत्र भएको हुँदा काश्य गोत्रबाट पूजापाठ नगर्न आग्रह गरेका छन् ।

कतिपय किरातीहरुले आफ्नो पहिचान अध्ययन अनुसन्धान नगरी काश्य गोत्र भनेर पूजापाठ, ग्रह शान्ति गर्दै आएको हुँदा अब अनाथलाई दिने गोत्रको नाममा पूजापाठ गर्न नहुने बताए ।

नेपालका आदिवासी जनजातिहरुको आफ्नै पहिचानसहितको पाछा (गोत्र) भएको हुँदा एउटा ब्राम्हणले आफूखुशी काश्य गोत्र राखिदिएर पूजापाठ गरिदिएको हुँदा किरात खाम्बातिमलाई मान्य नहुनेमा जोड दिए ।

पूर्वी किरात क्षेत्रको धरानमा फाल्गुन २८, २९ र ३० गते हुन लागेको ५ औं खाम्बातिमको सम्मेलनमा चाम्लिङ राईहरुको जन्म, विवाह र मृत्यु संस्कारको विषयमा पुस्तक ल्याउने जानकारी दिँदै चाम्लिङ भाषा र किरात सिरीजङ्गा लिपीमार्फत अध्ययन गराउनका लागि छलफलमा जुट्न आव्हान गरे ।

कार्यक्रममा उपाध्यक्ष ज्ञान चाम्लिङले ०५८ सालमा स्थापित खाम्बातिमले




१२ वटा जिल्लामा जिल्ला समिति गठन गरेको र बेलायत, हङ्कङ, भारतमा समेत खाम्बातिमको स्थापना भएको जानकारी दिए ।

कार्यक्रममा सल्लाहकार केवलराम राईले आफ्नो उमेर यहाँसम्म आईपुग्दा विभिन्न संघसंस्थामा काम गर्दा कही सन्तुष्ट हुन नसकेको भन्दै खाम्बातिम स्थापना गरी आफ्नो कूल संस्कारको संरचना र स्थायित्वको लागि काम गर्दा आनन्द आएको बताए ।

किरात राई यायोक्खाका सचिवसमेत रहेका राईले भने ,'समग्र राई जातिको उत्थानका लागि यायोक्खामा खट्छौं । त्यसैले राई चाम्लिङ जातिले एक पटक खाम्बातिमको लागि खट्न सके अझ राम्रो हुने छ ।'

कार्यक्रममा यलम्वर टाइम्सका सम्पादक दिपीन राईले कूल, धर्म, संस्कार र पहिचान बुझ्न सकिएन भने आफ्नो मौलिक संस्कृति लोप भएर जाने र पराई धर्म संस्कृतिले ओगट्दै जाने भएको हुँदा खाम्बातिम संगठनका लागि सबै चाम्लिङ एक हुनुपर्ने बताए ।

खाम्बातिमका झापा उपाध्यक्ष जगत चाम्लिङ राईको सभापतित्वमा भएको अन्तरक्रियामा खाम्बातिमका केन्द्रीय उपाध्यक्ष चन्द्रा चाम्लिङ, अर्जुनधाराका अध्यक्ष क्या. शिवकुमार राई, साहित्यकार रकम चाम्लिङलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा खाम्बातिमका बुट्टाबारी, बुद्धशान्ति, बिर्तामोड, शिवसताक्षी, दमक, अर्जुनधारा, मेचीनगर क्षेत्रका प्रतिनिधिहरुको उपस्थिति थियो । बिर्तामोडमा आयोजित कार्यक्रमको सञ्चालन जिल्ला सचिव गौरीमान चाम्लिङ राईले गरेका थिए ।

# बस दुर्घटनामा एकजनाको मृत्यु

**झापा (प्रस)।** इलाम नगरपालिका-१० स्थित मेची राजमार्गमा बस अनियन्त्रित भई दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ४ जना घाईते भएका छन् । मृत्यु हुनेमा बारा जिल्लाको सिम्राहागण नगरपालिका-७ का ३५ बर्षीय प्रदिप कुसुवाह रहेका छन् ।

सोमबार राति ९ बजे बारा जिल्लाबाट इलाम घुम्न आएका ४४ जना सवार ना.४ ख ६२४८ नम्वरको बस अनियन्त्रित भई सडकको नालीमा ठोक्किन गई दुर्घटना हुँदा कुसुवाह झ्यालबाट हाम्फाल्ने क्रममा बसले चेप्पिई घटनास्थलमा नै मृत्यु भएको हो भने गम्भीर घाईते भएका ४० बर्षीय धुरुप कुसुवाहको बिएण्डसी अस्पताल बिर्तामोड र अन्य सामान्य घाईते ३ जनाको स्थानीय मेडिकलमा उपचार भइरहेको छ । दुर्घटना सम्वन्धमा इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट थप अनुसन्धान भईरहेको छ ।

# सुनसरीमा १४ वर्षीया किशोरी बलात्कृत

**झापा (प्रस)।** सुनसरीमा १४ वर्षीया किशोरी बलात्कृत भएकी छन् ।

ती किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले बर्जु गाउँपालिका-४ बस्ने २४ वर्षीय अर्जुन गुरुङलाई सोमबार पक्राउ गरेको छ । अर्जुनले ती किशोरीलाई आफ्नै घरमा लगेर बलात्कार गरेको प्रहरीले जनाएको छ । बलात्कारको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सीतागञ्ज र प्रहरी चौकी अमडुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

**भूलसुधार**

मिति २०७८ फागुन १० गते मंगलबार प्रकाशित यस प्रतिदिन दैनिकको अन्तिम पृष्ठको भारतीय नागरिको हत्यासम्बन्धी समाचारमा शिर्षक अर्को पर्न गएकाले भूलसुधार गरिएको छ । - **सम्पादक**

# इन्धन किफायती कार सुजुकी सेलेरियो सार्वजनिक

**झापा (प्रस)।** नेपालका लागि सुजुकी चारपांग्रे सवारी साधनको आधिकारिक वितरक तथा सीजी होल्डिङको अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले सबैभन्दा धेरै इन्धन किफायती भएको पारिवारिक कार सुजुकी सेलेरियो सार्वजनिक गरेको छ ।

देशभरि एकैदिन सार्वजनिक गर्नेक्रममा झापाका लागि सुजुकीको आधिकारिक बिक्रेता कपुरी ब्रदर्शले बिर्तामोडस्थित सुजुकी सोरुममा पनि मंगलबार सुजुकी सेलेरियो कार सार्वजनिक गरिएको छ । लक्ष्मी विकास बैंक बिर्तामोडका प्रबन्धक बुद्धिशेखर तिवारी , कपुरी ब्रदर्शका लक्ष्मीदेवी कपुरी र बिर्तामोड उद्योग वाणिज्य संघका उद्योग महासचिव कुशल खतिवडाले संयुक्त रुपमा सो गाडी सार्वजनिक गरेका हुन् ।




कार्यक्रममा कपुरी ब्रदर्शका संचालक रोशन कपुरीले राम्रो माइलेज दिने भएकाले सुजुकी सेलेरियो नै प्रयोग गर्न आग्रह गरे । सर्वाधिक माइलेज दिने सो गाडीको लो रनिङ कस्टका कारण बढ्दो पेट्रोलियम पदार्थको मूल्यवृद्धि भारबाट केहि राहत मिल्ने कम्पनीको बिश्वास रहेको छ । नयाँ सेलेरियोमा अतुलनीय ड्राइभिङ अनुभव, नयाँ थ्रीडी अर्गानिक स्कल्प्टेड डिजाइन, फर्स्ट-इन-सेगमेन्ट सुरक्षा र विभिन्न सुविधाहरू भएको कम्पनीले जनाएको छ ।

सेल्स एण्ड मार्केटिङका महाप्रबन्धक सिराज पन्तका अनुसार सेलेरियो नेपाली बजारमा निकै रुचाइएको पारिवारिक सवारी हो । न्यु जेनेरेशन सेलेरियोमा अझै धेरै माइलेज , बिना सम्झौताको सुरक्षा र सुविधाजनक फिचर रहेको छ साथै यसको नयाँ डिजाइनले ग्राहकलाई आकर्षित र उत्साहित गर्नेछ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल

ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्कः ९८१६९१७७८७/९८१७०८१९९०

**मेष** – आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ ।

**वृष** – शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिथुन** – मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक कार्यमा रुचि बढ्नेछ ।

**कर्कट** – विपरित वर्गबाट विशेष सहयोग मिल्ला । नयाँ योजना पनि अघि बढ्नेछ ।

**सिंह** – घुमघाम र भ्रमणमा बित्नेछ । सेयरबजारका कारोबारबाट लाभ पनि

**कन्या** – एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**तुला** – आज दैनिक कार्यमा प्रगति हुनेछ । प्रतिस्पर्धा वा परीक्षामा सफलता मिल्नेछ ।

**वृश्चिक** – आज निर्णय कार्यान्वयन हुन सक्दैन । आत्मबलमा कमी आउनेछ ।

**धनु** – आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ ।

**मकर** – आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**कुम्भ** – लाभहानी, सुखदुख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**मिन** – मन भावुक र उत्ताउलो बन्नसक्छ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ ।